बैठक संख्याः ५६

आज मिति २०७७।०७।१६ गते आईतवार दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | अनुउपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुउपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | भूपेन्द्र कोईराला | अधिकृतस्तर दशौं | उपस्थित |
| २ | महेन्द्र खड्का | अधिकृतस्तर सातौ | उपस्थित |
| ३ | झमक भटराई | अधिकृतस्तर छैठौं | उपस्थित |

**प्रस्तावहरु**

१. आवश्यक केही कार्यविधि/निर्देशिका सम्बन्धमा ।
२. उपभोक्ता समिति गठन सम्बन्धी निर्देशन २०७७
३. योजना संचालन सम्बन्धी निर्देशन २०७७
४. नगरस्तरिय दररेट २०७७ सम्बन्धमा ।
५. बेलबारी वडा नं. १ को सपिङ्ग कम्प्लेक्स ठेक्का व्यवस्थापन
६. पन्ध्रशैयाको अस्पताल निर्माण प्रक्रिया संचालन सम्बन्धमा
७. स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल संचालन सम्बन्धमा ।
८. विषयगत समिति गठन सम्बन्धमा ।
९. शिक्षक दरबन्दी मिलान सम्बन्धी शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१०.नगरपालिकाको पूल दरबन्दीमा रहेका शिक्षकको पदपूर्ति सम्बन्धमा ।
११.हाट बजार तथा स्थानीय पूर्वाधार उपयोग सेवाशुल्क असुली ठेक्का सम्बन्धमा ।
१२.वडा नं. ८ को कालोपत्रे सडक सम्बन्धमा ।
१३.क्रमागत योजनाको म्याद थप सम्बन्धमा ।
१४.स्वास्थ्य सेवाका कर्मचारीको स्केल बमोजिमको तलब अनुमोदन सम्बन्धमा ।
१५.नगरपालिकाको लागि आवश्यक कर्मचारीको पदपूर्ति सम्बन्धमा ।
१६.विविध
क. नपाको नयाँ भवनको अतिरिक्त कामको सम्बन्धमा ।
ख. सवारी पार्किङ्ग शुल्क सम्बन्धमा ।

**निर्णय नं. १ः** कानून मस्यौदा तर्जुमा समिति तथा विधेयक समितिको मिति २०७७।०६।२७ को वैठकबाट सिफारिस भएका तपशिल बमोजिमका कार्यविधिहरु दफावार छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

- बेलबारी नगरपालिका आधारभूत गरिब परिवार खाद्य सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७
- बेलबारी नगरपालिका बोयर बाख्रा अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धि कार्यविधि - २०७७
- बेलबारी नगरपालिका गरिबसँग नगरपालिका कार्यक्रम संचालन कार्यविधि(संशोधित), २०७७
- बेलबारी नगरपालिका यूवा/लक्षित समुह स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७
- बेलबारी नगरपालिका वार्षिक योजना कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण कार्यविधि-२०७७
- बेलवारी नगरपालिका श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापन कार्यविधि (संशोधित), २०७७
- बेलबारी नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ को पहिलो संशोधन २०७७ तपशिल बमोजिम गरियो ।

तपशिल

| दफा/ उपदफा | साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने आधार/कारण |
|---|---|---|---|
| दफा ४ को उपदफा १ को खण्ड (ख) | उपदफा (१) को खण्ड (ख) मा प्रहरी हवल्दार/ सहायकस्तर तेश्रो तह । | उपदफा (१) को खण्ड (ख) हटाईएको । | पद र तह मिलान गर्न आवश्यक भएको । |
| दफा ८ को उपदफा १ को खण्ड (ग) | दफा ८ को उपदफा १ को खण्ड (ग) मा असिस्टेन्ट सहायक निरक्षक नगर प्रहरी पदको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट १२ वा प्रमाणपत्र तह वा सो सरह उतिर्ण, नगर प्रहरी हवल्दार एस.एल.सी. वा एस.ई.ई. वा सो सरह उतिर्ण र नगर प्रहरी जवानको लागि कक्षा ८ उतिर्ण गरेको । | दफा ८ को उपदफा १ को खण्ड (ग) मा असिस्टेन्ट सहायक निरक्षक नगर प्रहरी पदको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतिर्ण र नगर प्रहरी जवानको लागि कक्षा ८ उतिर्ण गरेको । | असिस्टेन्ट सहायक निरक्षक नगर प्रहरी/सहायकस्तर चौथो तह को शैक्षिक योग्यता मिलान गर्न आवश्यक भएको । |

**निर्णय नं. २:** नगरसभाबाट पारित चालु आ.व. २०७७।०७८ को बार्षिक योजना र कार्यक्रमहरु कार्यान्वियन गर्ने सम्वन्धमा तपशिल बमोजिमको उपभोक्ता समिति गठन तथा परिचानल सम्बन्धी निर्देशन २०७७ अनुशरण गरि कार्यान्वियन गर्ने निर्णय गरियो ।

**उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी निर्देशन, २०७७**

बेलवारी नगरपालिकाको नगरसभाबाट पारित चालु आ.व. २०७७।०७८ को बार्षिक योजना र कार्यक्रमहरु कार्यान्वियन गर्ने सम्वन्धमा गठन हुने उपभोक्ता समितिमा सम्वन्धित समुदायका सबै घरधुरीलाई उपभोक्ताहरुको भेला बस्ने विषय, स्थान, मिति र समय सम्वन्धित वडा कार्यालयबाट जानकारी गराई उक्त भेलामा देहायका कार्यहरु गर्नु गराउनु पर्नेछ ।

१. उपभोक्ता भेला आयोजना गर्दा प्रस्तावित आयोजनाबाट लाभान्वित क्षेत्र स्थानमा स्थायी रुपमा बसोबास गर्ने उपभोक्ताहरुको भेला गराउनु पर्नेछ । गठन गर्ने सम्बन्धमा जारी सूचना फायलमा सुरक्षित गर्नु पर्नेछ ।

२. उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा जनप्रतिनिधि र स्थानीय तहका सरकारी कर्मचारीको रोहवरमा मात्र गर्नु पर्नेछ ।

३. उपभोक्ता समिति गठन गर्न रोहवरमा बस्ने व्यक्ति वा निकायले आयोजना सम्वन्धि स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट विवरणबारे बिस्तृत रुपमा सम्वन्धित उपभोक्ता समूह, सम्बन्धित टोल विकास संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई जानकारी गराउनु पर्नेछ ।

४. यस्तो भेला आयोजनाबाट प्रत्यक्ष फाईदा पुग्ने, सम्वन्धित क्षेत्रका प्रत्येक घरधुरीहरुबाट यथासंभव प्रतिनिधित्व हुने ब्यवस्था गर्नुको साथै पिछडिएका र बन्चितिकरणमा परेका बर्ग, समुदाय, महिला, बालवालिका, अपाङ्गता भएका व्यक्तिको उपस्थिति समेत सुनिश्चित गर्नु पर्नेछ ।

५. भेलाले सर्वसम्मत तरिकाले सम्वन्धित क्षेत्रका उपभोक्ता मध्येवाट सबै वर्ग, जातजाति, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व हुनेगरी उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

६. समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष समेत गरी जम्मा ५ देखि ११ जना सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ । समितिका सम्पूर्ण सदस्यहरु मध्ये कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ ।

७. समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनु पर्नेछ । साथै आयोजना क्षेत्रका उपभोक्ताहरुको जातिगत संरचना तथा विशेषता अनुसार दलित, मधेसी, आदिवासी जनजाती तथा पिछडिएका वर्गको प्रतिनिधित्व सुनिश्चित भएको हुनु पर्नेछ ।

८. स्थानीय तहका निर्वाचित बहालवाला पदाधिकारी, कुनैपनि राजनैतिक दलको नगर वा वडाको प्रमुख, वहालवाला राष्ट्रसेवक कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेस्की वा बेरुजु फछ्यौट नगरेको व्यक्ति, सामाजिक, आर्थिक रुपमा विवादित व्यक्ति, नगरपालिकालाई तिर्नु पर्ने करदस्तुर नतिरेको व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् । साथै एकै समयमा एक जना व्यक्ति एक भन्दाबढी उपभोक्ता समितिको पदाधिकारी हुन र एक घरधुरीबाट एकजना भन्दा बढी सदस्य हुन पाईने छैन ।

९. आयोजना संचालन गर्दा उपभोक्ता समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार बाँडफाँड, खाता संचालन एवं लागत सहभागिता व्यहोर्नु पर्ने भए त्यसको अंश र त्यसको मापदण्ड बारे छलफल गरी निर्णय गर्नु पर्नेछ । लागत सहभागिता वापत व्यहोर्नु पर्ने अंश नगरपालिकाको संचित कोषमा अग्रिम रुपमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१०. उपभोक्ता भेलाको उपस्थिति र निर्णय सहितको माईन्युट तयार गर्नु पर्नेछ । योजना तथा कार्यक्रम संचालन हुने स्थानको परियोजना संचालन पुर्वको अवस्था झल्कने फोटो खिच्नु पर्नेछ । आयोजना संझौता गर्दा माईन्युट र फोटो अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

११. उपभोक्ता समितिलाई काममा सहयोग पुर्याउन उपभोक्ता समितिको सदस्यको संयोजकत्वमा खरिद उपसमिति, लेखा उपसमिति, निर्माण उपसमिति आदि गठन गर्ने सकिनेछ । आयोजनाको अनुगमन मुल्याङ्कन र सिफासिस गर्ने प्रयोजनका लागि बढिमा ५ सदस्यीय अनुगमन मुल्याङ्कन समिति उपभोक्ता समिति गठन गर्दा नै अनिवार्य रुपमा गठन गर्नु पर्नेछ । योजनाको

प्रत्येक किस्ता निकासको लागी सम्बन्धित वडा समितिको सिफारिस अनिवार्य हुनु पर्नेछ । कार्य सम्पन्न भएपछि फरफारकको लागि अनुगमन समितिको सिफारिस र वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

१२. आयोजनाको गुणस्तर कायम गर्न नसक्ने, आर्थिक हिनामिनामा संलग्न हुने उपभोक्ता समिति, वा व्यक्तिलाई प्रचलित कानुन बमोजिम कार्यवाही चलाईनेछ र भविष्यमा कुनै पनि आयोजना संचालनमा संलग्न हुन नपाउने गरी कालो सूचीमा राखिनेछ ।

१३. एउटै आयोजनाको लागि दुईवटा उपभोक्ता समितिहरु गठन गर्न पाईने छैन । साथै उपभोक्ता समितिलाई उपलब्ध गराएको एउटा कार्य सम्पन्न नभएसम्म आयोजना निर्माण तथा सञ्चालन सम्वन्धी अर्को कामको जिम्मेवारी दिन पाईने छैन ।

१४. प्राप्त निर्देशन, प्रकृया र मापदण्ड विपरित उपभोक्ता वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाईएमा यस्तो गठन वा सिफारिसलाई मान्यता दिइने छैन ।

१५. उपभोक्ता समितिहरुको गठन सम्वन्धि कुनै विवाद आएमा सम्वन्धित वडाका जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, टोल विकास संस्था, संघसंस्था र स्थानीय समाजसेवी बुद्धिजिविहरुको पहलमा सहमतिमा ल्याउने प्रयास गर्नुपर्नेछ । त्यसवाट पनि समाधान ननिस्किएमा बेलवारी नगर कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

१६. प्रत्येक आयोजना वा कार्यक्रमहरुको विस्तृत विवरण खुलाई आयोजना वोर्ड बनाई राख्नु पर्नेछ । यसका लागि कम्तिमा १ लाख भन्दा माथिको योजनाको लागि अनिवार्य रुपमा फ्लेक्स वा होर्डिङ्ग वोर्ड राख्नु पर्नेछ ।

१७. सबै संचालित योजना वा कार्यक्रमहरुको सार्वजानिक परिक्षण जनप्रतिनिधिको रोहवरमा अनिवार्य रुपमा गर्नु पर्नेछ । यसका लागि योजना वा कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुको सहभागिता तोकिए बमोजिम गर्नु पर्नेछ ।

**निर्णय नं. ३:** चालु आ.व.को योजना तथा कार्यक्रमहरु संचालन गर्न गराउन तपशिल बमोजिमको योजना संचालन सम्बन्धी निर्देशन गर्ने निर्णय गरियो ।

## योजना संचालन सम्बन्धी निर्देशन २०७७

१. चालु आ.व.को पूर्वाधार तर्फका योजनाहरुको उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन मंसिर मसान्तसम्म गर्नु पर्नेछ । यसरी गठन भएका उपभोक्ता समितिहरुले योजनाहरुको संझौता पौष १५ गते भित्र र २० लाखको योजनाको हकमा पौष मसान्त सम्ममा गरि अनिवार्य रुपमा वैसाख मसान्तसम्म सम्पन्न गरिसक्नु पर्नेछ ।

२. चालु आ.व.को पूर्वाधार तर्फका योजनाहरुको ठेक्का प्रक्रिया मार्फत संचालन हुन योजनाहरुको ठेक्का सम्बन्धी सूचना मंसिर मसान्त सम्ममा जारी गरि सक्नु पर्नेछ ।

३. चालु आ.व.मा कार्यक्रमहरुको कार्यान्वयनको हकमा स्वीकृत कार्ययोजना अनुसार वैसाख मसान्तसम्ममा सम्पन्न गरि सक्नु पर्नेछ ।

४. नगरपालिकाबाट प्राप्त हुने अनुदान रु. ५ लाख सम्मका योजनाहरुको संझौता सम्बन्धित वडाहरुबाट गरिनेछ । संझौता गर्ने अधिकार सम्बन्धित वडा कार्यालयको सचिवबाट गरि सो संझौताको वडाध्यक्षबाट प्रमाणित गर्नु पर्नेछ ।

५. नगर तथा वडाबाट विनियोजित रु. ५ लाखसम्मका योजनाहरुको वडास्तरीय अनुगमन तथा मुल्यांकन समितिले अनुगमन गरी अन्तिम भूक्तानी र फरफारकको लागि सिफारिस गर्नु पर्नेछ ।

६. उपभोक्ता समितिहरुलाई आयोजना संचालन सम्वन्धि आवश्यक व्यवहारिक ज्ञान र जानकारी दिनका लागि नगरपालिकाले अभिमुखिकरण गोष्ठि आयोजना गर्नु पर्नेछ। यस्तो अभिमुखिकरण गोष्ठि संचालनका लागि सम्बन्धित वडाले नगरपालिकाको सम्बन्धित शाखामा समन्वय गरी मिति र समय तय गर्नु पर्नेछ ।

७. चालु आ.व. देखि योजना कार्यान्वयन प्रक्रियाको सम्पूर्ण कारवाही नगरपालिकाबाट स्वीकृत जनतासँग सरकार सफ्टवेयर मार्फत गर्नु पर्नेछ । सफ्टवेयर संचालन सम्बन्धी कुनै समस्या भएमा सफ्टवेयर संचालक कम्पनी/योजना शाखासँग समन्वय गरि निराकरण गर्नु पर्नेछ ।

८. शाखा वा वडाहरुले कुनै योजनाको खण्डीकरण गरि योजनाहरुको कार्यान्वयन गर्नु पर्ने भएमा वडा कार्यालयको हकमा वडाको निर्णय र सिफारिस सहित स्वीकृतिको लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने र शाखाहरुको हकमा शाखा प्रमुखले टिप्पणी पेश गरि कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

९. शाखा वा वडाहरुले कुनै योजना परिवर्तन गर्नु पर्ने भएमा वडा कार्यालयको हकमा वडाको निर्णय र सिफारिस सहित स्वीकृतिको लागि कार्यालय प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्ने र सोही बमोजिम शाखाको हकमा शाखा प्रमुखले कार्यालय प्रमुख मार्फत स्वीकृत लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१०. वडातर्फका सामाजिक विकास कार्यक्रम अन्तर्गतका आर्थिक तथा सामाजिक रुपमा विपन्न वर्गलाई आकस्मिक तथा अन्य विविध सहयोग शिर्षकहरु क्रमशः १५४, १५८, १६१, १७१, १७८, १८२, १९४, २०१, २०५, २१७, २२२ कार्यान्वयन गर्दा बुदाँ नं. ७ अनुसार नगरि छुट्टै अभिलेख राखी वडाको चालु खर्च अनुसारको प्रक्रिया अबलम्बन गरि खर्च गर्ने सकिनेछ । यसरी खर्च भएको विवरण आ.व.को अन्तमा सफ्टवेयरमा अध्यावधिक गर्नु पर्नेछ ।

**निर्णय नं. ४:** चालु आ.व. २०७७/०७८ को लागि नगरस्तरिय दररेट निर्धारण समितिको मिति २०७७ असार १२ गते निर्णय भई सिफारिस भएको बेलबारी नगरपालिकाको दररेट २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** बेलबारी नगरपालिका र नगर विकास कोषको ऋण सहयोगमा बेलबारी वडा नं. १ को सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन केन्द्रको भवन निर्माण कार्यको कुल लागत रु. १५,४०,५९,१०९।९७ को ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६:** नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।०६।१८ को च.नं. २०९ को परिपत्र बमोजिम पन्ध्र शैयाको अस्पतालको निर्माण प्रक्रिया २०७७ साल कार्तिक मसान्तसम्ममा प्रारम्भ गर्न निर्देशन भए अनुसार मन्त्रालयको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका २०७७ बमोजिम आवश्यक प्रक्रिया बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७:** नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।०५।२३ को च.नं. १२५ परिपत्र बमोजिम कोभिड- १९ अस्थायी अस्पताल संचालन गर्न आवश्यक प्रक्रिया बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८:** नगर कार्यपालिका कार्यविभाजन नियमावली २०७४ को दफा ४ (६) अनुसार अनुसूचि ५ बमोजिम तपिशल अनुसारको विषयगत समिति तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम स्थानीय राजस्व परामर्श समितिको संयोजक तोकी सदस्यहरुको हकमा प्रमुखज्यूबाट संयोजकसँग समन्वय गरी समितिलाई पूर्णता दिने र सदस्य सचिव सम्बन्धित शाखाको प्रमुख हुने निर्णय गरियो ।

क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति
संयोजकः श्री धनपति गौतम (वडाध्यक्ष वडा नं. ८)
सदस्यः श्री रमेश निरौला (वडासदस्य वडा नं.१)
सदस्यः श्री शान्ति बहादुर दाहाल (वडासदस्य वडा नं.७)
सदस्य सचिवः प्रमुख, सामान्य प्रशासन शाखा

ख. आर्थिक विकास समिति
संयोजकः श्री घन श्याम गौतम (वडाध्यक्ष वडा नं. २)
सदस्यः श्री अलन देवी खवास (वडासदस्य वडा नं.४)
सदस्यः श्री रसिन तामाङ्ग (वडासदस्य वडा नं.१)
सदस्य सचिवः प्रमुख, आर्थिक प्रशासन शाखा

ग. सामाजिक विकास समिति
संयोजकः श्री योगेन्द्र सुवेदी (वडाध्यक्ष वडा नं. ३)
सदस्यः श्री देवेन्द्र बहादुर कार्की (वडासदस्य वडा नं.५)
सदस्यः श्री ईन्द्र कुमार राई (वडासदस्य वडा नं.११)
सदस्य सचिवः प्रमुख, सामाजिक विकास शाखा

घ. पूर्वाधार विकास समिति

संयोजकः श्री नगेन्द्र खड्का (वडाध्यक्ष वडा नं. ९)

सदस्यः श्री राम कुमार नेपाली (वडासदस्य वडा नं.५)

सदस्यः श्री जोगेन्द्र धिमाल (वडासदस्य वडा नं.१०)

सदस्य सचिवः प्रमुख, शहरी पूर्वाधार विकास शाखा

ङ. वातावरण तथा विपद् व्यवस्थापन समिति

संयोजकः श्री चक्र खुलाल (वडाध्यक्ष वडा नं. १)

सदस्यः श्री निशाकिरण चामलिङ्ग (वडासदस्य वडा नं.३ )

सदस्यः श्री जंग बहादुर विष्ट (वडासदस्य वडा नं. १०)

सदस्य सचिवः प्रमुख, शहरी पूर्वाधार विकास शाखा

च. विधेयक समिति

संयोजकः श्री याम बहादुर पोखरेल (वडाध्यक्ष वडा नं. ११)

सदस्यः श्री भवनी प्रसाद गुरागाई (वडासदस्य वडा नं.८)

सदस्यः श्री हिरावती राजवंशी (वडासदस्य वडा नं.९)

सदस्य सचिवः प्रमुख, सामान्य प्रशासन शाखा

छ. राजस्व परामर्श समिति

संयोजकः उप प्रमुख श्री ढाका कुमारी पराजुली

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः मनोनित श्री गिता शिवा

सदस्यः मनोनित श्री चेतराज बस्नेत

सदस्यः नगरस्तरीय उद्योग बाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि

सदस्य सचिवः आर्थिक प्रशासन शाखा प्रमुख

**निर्णय नं. ९:** नगर शिक्षा समितिको मिति २०७७।०६।२५ गतेको सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान सम्बन्धी भएको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. १०:** नगर शिक्षा समितिले सामुदायिक विद्यालयहरुमा आवश्यक शिक्षक दरबन्दी मिलान गरि नगरको पूल दरबन्दीमा रहेका पदहरुमा आवश्यक प्रक्रिया अबलम्बन गरि पदपूर्ति गर्न गराउन नगर शिक्षा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. ११:** गत आ.व.२०७६/०७७ मा साप्ताहिक हाटबजार ठेक्का बन्दोबस्त भएकोमा २०७६ चैत्र ११ गते देखि कोभिड-१९ कोरोना भाईरस महामारीको कारण बन्दाबन्दी भई असार मसान्तसम्म उक्त हाटबजारको शुल्क असुली कार्य समेत प्रभावित भएकोमा साथै किर्तिमान भाउन्ने आमतोला सडकको पूर्वाधार उपयोग कर शुल्क असुली सम्बन्धमा स्थानीयवासीले भाउन्ने किर्तिमान खण्डमा सवारी साधन आवतजावतमा अवरोध सृजना गरि कर असुलीमा बाधा पुगेको भनि ठेकेदार सयपत्री मल्टिप्रपोज कम्पनी प्रा.लि. बेलबारी १ ले मिति २०७६।०८।१० मा दिएको निवेदन बमोजिम नगर कार्यपालिकाको मिति २०७६।०८।१५ को वैठकबाट वडा नं. ३ का वडाध्यक्ष श्री योगेन्द्र प्रसाद सुवेदीको संयोजकत्वमा गठित स्थलगत अध्ययन अनुगमन समितिको मिति २०७७।०२।११ को प्रतिवेदन समेतलाई आधार मानी किर्तिमान भाउन्ने आमतोला सडक चिसाङ्ग खोलाको भित्रको वाटो समेतको तपशिल बमोजिम उक्त ठेकेदार वा कम्पनीलाई क्षतिपूर्ति स्वरुप कर शुल्क असुली कार्य गर्न दिने निर्णय गरियो ।

तपशिल

| क्र.स. | ठेक्काको नाम | ठेकेदार वा कम्पनीको नाम | ठेक्का रकम | कार्य गर्न दिने समयवधि |
|---|---|---|---|---|
| १. | साप्ताहिक मवेशी पशुहाट | मनोज सुवेदी बेलबारी ३ | ४६०७१६६।०० | २०७७ चैत्र ११ देखि |
| २. | बेलबारी १ को सोमवारे र बेलबारी २ को बुधवारे शुक्रवारे हाटबजार | उपेन्द्र राई बेलबारी ११ | ११२५०००।०० | २०७७ चैत्र ११ देखि |
| ३. | बेलबारी ११ को शनिवार विहिवार लाग्ने कृषि उपज हाटबजार | अनिल राई बेलबारी ११ | १००१००।०० | २०७७ चैत्र ११ देखि |
| ४ | बेलबारी ७ को बुधवार र शनिवार लाग्ने हाटबजार | तोषित सुवेदी बेलबारी ३ | २००२५०।०० | २०७७ चैत्र ११ देखि |
| ५ | बेलबारी ९ को मंगलवार र शुक्रवार लाग्ने हाटबजार | निरज सुवेदी | २०००००।०० | २०७७ चैत्र ११ देखि |
| ६ | बेलबारी ५ कसेनी हाटबजार | आशाराम चौधरी | ३२०००।०० | २०७७ चैत्र ११ देखि |
| ७ | किर्तिमान भाउन्ने आमतोला सडक चिसाङ्ग खोला भित्रको वाटो समेत | सयपत्री मल्टिप्रपोज कम्पनी प्रा.लि. बेलबारी १ | २५०२०००।०० | २०७७ मंसिर १० देखि |

**निर्णय नं. १२:** गत आ.व.मा संचालन भएको वडा नं. ८ को कालोपत्रे सडकको आधिकारिक निकायबाट ल्याब परिक्षण प्रतिवेदनको आधारमा आवश्यक प्रक्रिया बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३:** गत आ.व.मा उपभोक्ता समितिबाट संचालित तपशिल बमोजिमका योजनाहरुको मंसिर मसान्तसम्म म्याद थप गरि संचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | सम्झौता रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | नन्दलाल मार्ग कालोपत्रे वडा नं. ४ | ४०९९५६८.५७ | |
| २. | कृषि मार्ग कालोपत्रे वडा नं. ४ | ४०८३५२२.८९ | |
| ३. | लक्ष्मीनागरायण मार्ग कालोपत्रे वडा नं. ५ | ५३२३७५५.०६ | |
| ४ | विरेन्द्र चौक झलझली मार्ग कालोपत्रे वडा नं. १० | ४३०४६६७.७५ | |
| ५ | मुनाल आदर्श मार्ग कालोपत्रे वडा नं. ११ | ४०९०००३.९७ | |
| ६ | नलबारी पश्चिम कालोपत्रे वडा नं. ९ | ४२५०२४६.५८ | |
| ७ | पुरानो बाहुनी देखि जनता मा.वि. जोड्ने बाटो कालोपत्रे वडा नं. ७ | ४०८५५०५.७४ | |
| ८ | जनता आवास कार्यक्रम वडा नं. ३ | १३४६२५४६.४० | |
| ९ | जनता आवास कार्यक्रम वडा नं. ४ | ६७३१२७३.२० | |
| १० | जनता आवास कार्यक्रम वडा नं. ११ | १३४६२५४६.४० | |

**निर्णय नं. १४:** मिति २०७७।०६।३० गते नगरप्रमुखबाट स्वीकृत टिप्पणी बमोजिम स्वास्थ्य सेवा तर्फका सेवा करारमा कार्यरत कर्मचारीहरुको स्केल अनुसार तलब भत्ता उपलब्ध गराउने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** बेलबारी नगरपालिकाको लागि तपशिलको सेवा तथा कार्य संचालन गर्न गराउन सेवा करारमा कर्मचारी पदपर्ति गरि कार्य गर्न गराउन आवश्यक भएकोले पदपूर्ति समितिलाई आवश्यक प्रक्रिया अबलम्बन गरि पदपूर्ति प्रक्रिया बढाउन निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | पद/ तह | सेवा/समुह | समावेशी आधारमा पदपूर्ति गर्नु पर्ने जम्मा पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत/अधिकृत छैठौ | स्वास्थ्य सेवा | १ | कोभिड-१९ अस्थायी अस्पताल संचालन गर्न आवश्यक भएको । |
| २ | सामाजिक परिचालक/सहायक चौथो | कार्यकम सहजिकरण | ३ | गरिबसँग नगरपालिका कार्यक्रम सहजीकरण गर्न आवश्यक भएको । |
| ३ | नगर प्रहरी असिस्टेन्ट सहायक निरिक्षक/ सहायक चौथो | बजार व्यवस्थापन र सुरक्षा | १ | बजार व्यवस्थापन र सुरक्षा गर्न आवश्यक भएको । |
| ४ | रेडियोग्राफर/सहायक पाचौ | स्वास्थ्य/रेडियोग्राफी | १ | कोभिड-१९ अस्थायी अस्पताल संचालन गर्न आवश्यक भएको । |
| ५ | ह्याभी सवारी चालक/ श्रेणी विहिन | विविध | २ | वारुणयन्त्र संचालन गर्न आवश्यक भएको । |
| ६ | हलुका सवारी चालक/श्रेणी विहिन | विविध | २ | शव वहान र टिपर संचालन गराउन आवश्यक भएको । |
| ७ | नगर प्रहरी जवान/ श्रेणी विहिन | बजार व्यवस्थापन र सुरक्षा | ४ | बजार व्यवस्थापन र सुरक्षा गर्न आवश्यक भएको । |
| ८ | अग्नी निरोधक/श्रेणी विहिन | विविध | ६ | वारुणयन्त्र संचालन गर्न आवश्यक भएको । |
| ९ | कार्यालय सहयोगी/श्रेणी विहिन | विविध | ४ | आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १, २ र १० का लागि । |
|  | जम्मा |  | २४ |  |

**विविधः**

क. नपाँको नयाँ भवनको लगत ईस्टिमेटमा छुट तथा अपुग भएको तपशिल बमोजिमको अतिरिक्त कामको सम्बन्धमा भूक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

प्यान कम्बोड, ईटा डिस्मेन्टल कार्य, वालपुट्टी, कलर, मार्वल टायल विच्छाउने, एलमुनियम झ्याल ढोका, एसी वेल इन्भर्टर वारिङ्ग, ट्रस जडान कार्य, यूपिभिसी ढोका आदी ।

ख. राजस्व परामर्श समितिको मिति २०७७।०६।२३ को सिफारिस अनुसार आर्थिक ऐनमा छुट भएको तपशिल बमोजिमको सवारी पार्किङ्गलाई शुल्क तोक्ने निर्णय गरियो ।

तपशिल

- मोटरसाइकल/स्कुटर प्रति गोटा रु. २०।—
- चारचक्के हलुका सवारी साना प्रकृतिका प्रति गोटा रु. ३०।—
- ठुला सवारीको प्रति गोटा रु. ५०।—